सिम्रौनगढ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा
प्रदेश नं २, नेपाल

प.सं/Let :-२०७७।०७८
च.नं/Ref.No.:-०५५

मितिः-२०७७/०५/०१

श्री सम्पूर्ण नगरवासीहरु
सिम्रौनगढ नगरपालिका, बारा ।

**विषयः- सेवा प्रवाह सम्बन्धमा।**

श्री जिल्ला प्रशासन कार्यालय, बाराको च.नं. ४०८ मिति २०७७/०४/३२ गतेको निषेधाज्ञा सम्बन्धी सूचना बमोजिम विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ रोगको महामारीको असरले यस बारा जिल्लाको स्थिति भयावह हुँदै गएको तथा जिल्लाभरी नै अनिश्चितकालिन निषेधाज्ञा जारी गरिएको हुँदा यस नगरपालिका तथा अन्तर्गतका कार्यालयबाट प्रदान हुँदै आएको अति आवश्यक सेवा बाहेकका सम्पूर्ण सेवाहरु अर्को सूचना जारी नभएसम्मको लागि बन्द गरिएको व्यहोरा सम्पूर्ण नगरबासीहरुको जानकारीको लागि अनुरोध छ । साथै सामाजिक दुरीका विविध उपायहरु अवलम्बन गर्दै वर्तमान महामारीबाट आफू बच्न र अरुलाई पनि बचाउँन सम्पूर्ण नगरबासीहरुमा अनुरोध गर्दछौं ।

**बोधार्थः**
श्री सूचना प्रविधि शाखा -नगरपालिकाको वेवसाईटमा राखिदिनु हुन ।

२०७७/०५/०१
हरिओम प्रसाद जयसवाल
नि.प्र.प्र.अधिकृत

Website: www.simraungadhmun.gov.np, E-mail: simraungadhmun.ac@gmail.com

MI NOTE 10 LITE
64MP QUAD CAMERA

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बारा, कलैया ।

फोन नं : ०५३-५५०१३३, ५५०१६६
फ्याक्स नं : ०५३-५५००००
Email : daobara33700@gmail.com
Website : daobara.moha.gov.np

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ४०८

मिति : २०७७।४।३२

## निषेधाज्ञा सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस बारा जिल्लाको कोरोना भाईरस (कोभिड-१९) को दैनिक रुपमा संक्रमित बिरामीहरुको बढ्दो संख्यालाई मध्यनजर गर्दै आम नागरिकको जीवन रक्षा तथा रोगको संक्रमणलाई नियन्त्रण गर्न वान्छनीय देखिएकोले मिति २०७७।४।३२ गते आईतवार बसेको जिल्ला कोभिड समन्वय समितिको निर्णयानुसार मिति २०७७०५।१ गते सोमवार विहान ५ बजेदेखि अर्को सूचना जारी नभएसम्मको लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) र संक्रामक रोग नियन्त्रण ऐन २०२० को दफा २ बमोजिम बारा जिल्लाका सबै स्थानीय तहहरुमा निषेधाज्ञा जारी भएकोले सम्बन्धित सबैको लागि यो सूचना जारी गरिएको छ ।

### तपसिल

**निषेध गरिएका क्षेत्र तथा कार्यहरु :**

१. अत्यावश्यक कामका बाहेक कुनैपनि व्यक्तिहरु घर तथा कम्पाउण्ड बाहिर निस्कन नहुने ।
२. पर्सा तथा बारा जिल्ला जोड्ने हुलाकी लोकमार्गमा पर्ने सबै स्थानीय तहहरु, कलैया बजार क्षेत्र, पथलैया-वीरगंज औधोगिक कोरिडोरमा पर्ने जीतपुर, सिमरा, पथलैया, परवानीपुर, नितनपुर, निजगढ, कोल्हवी, सिम्रोनगढ, वरियापुर, पचरौता, देवताल, करैयामाई लगायत अत्यधिक भिडभाड हुने तथा हाटबजार लाग्ने क्षेत्रहरु ।
३. पर्सा, बारामा बढ्दै गईरहेको कोरोना भाईरस संक्रमित बिरामीको बढ्दो संख्यालाई मध्यनजर गर्दै अति आवश्यक सेवाको लागि दैनिक प्रयोग हुने सवारी साधनहरु जस्तै विद्युत, खानेपानी, खाद्यान्न, दूध, ग्यांस, औषधी, एम्बुलेन्स बाहेक अन्य सवारी साधनहरुलाई संचालनमा पुर्ण रुपमा बन्देज लगाउने ।
४. निषेधाज्ञा अवधीभर अत्याबश्यक सेवामा संलग्न रहेका सरकारी तथा सार्वजनिक संस्थान बाहेकका अन्य सेवा प्रवाह गर्ने कार्यालयहरु बन्द रहनेछन् । सबै प्रकारका मेला, पर्व, जात्रा, महोत्सव, जुलुस, भेला लगायतका कार्यक्रमहरु गर्न पाईने छैन ।
५. निषेधाज्ञा अवधीभर औषधी पसल २४ सै घण्टा खुल्ला रहने । खाद्यान्न, ग्यांस, ईन्धन, दूध डेरी, तरकारी पसलहरु विहान ८ बजेसम्म मात्र खुल्ला रहने छ । तरकारी पसलहरु मुख्य बजार क्षेत्रमा नराखी साईकल तथा ठेलागाडामा राखेर अन्य स्थानीय क्षेत्रमा बिक्री विहान ८ बजेसम्म मात्र वितरण गर्ने ।
६. छिमेकी मित्रराष्ट्र भारतसँग जोडिएका सिमानाकाहरुमा २०७७ भाद्र मसान्तसम्म आवातजावत पूर्ण रुपमा बन्द गर्ने ।
७. यो आदेशको वर्खिलाप गरि सवारी साधन वा मोटरसाईकल चलाएमा वा हिडडुल गरेमा वा अनधिकृत रुपमा पसल सञ्चालन गरेमा संक्रामक रोग नियन्त्रण ऐन २०२० तथा स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कडा कारवाही गरिनेछ ।

(रुद्रप्रसाद पण्डित)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी